पाख्रीबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पाख्रीबास, धनकुटा (२०७३), १ नं.प्रदेश नेपाल

## फोहोर मैला व्यवस्थापन सम्बन्धमा प्रस्ताव आह्वान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५।८।१६)

पाख्रीबास नगरपालिका वडा नं ३ र ४ को बजार क्षेत्रबाट उत्पादन हुने फोहोर मैला सङ्कलन,ल्याण्डफिल्डसाइडसम्म ढुवानी तथा व्यवस्थापन कार्य गराउनु पर्ने भएको हुँदा प्रचलित कानुन बमोजिम दर्ता भएका वा इजाजत प्राप्त निर्माण व्यवसायी, सामाजिक संघ संस्था गैसस,युवा क्लब आदिले यो सूचना प्रकाशन भएको मितिले १५औं दिन भित्र कम्पनी वा संस्था दर्ता प्रमाण पत्र (२०७५/०७६का लागी नविकरण भएको) भ्याट वा प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि सहित तपशिलको शर्तहरुका अधीनमा रही शिलबन्दी प्रस्ताव आव्हान गरिन्छ।

**तपशिल**

१.रू १०००।-तिरी यस कार्यालयवाट कार्यालय समयमा प्रस्तावको ढाँचा खरिद गर्न सकिनेछ, प्रस्तावको ढाँचा खरिद गर्न आउँदा माथि उल्लेखित कागजातका प्रतिलिपिहरु पेश गर्नु पर्नेछ।

२.यो सूचना प्रकाशित मितिले १५ औं दिन बेलुका ५ बजे सम्म प्रस्ताव खरिद गर्न सकिनेछ, प्रस्ताव खरिद गर्ने अन्तिम मिति सार्वजनिक बिदा परेमा लगतै कार्यालय खुलेको  दिनलाई १५औं दिन मानिनेछ।

३.१६औं दिन दिनको १२.०० बजे सम्म यो कार्यालयबाट खरिद गरिएको कार्यालयले प्रमाणित गरेको सक्कल प्रस्तावमा आफूले उक्तकार्य कति रकममा गर्न सक्ने हो स्पष्ट खुलाई शिलबन्दी प्रस्ताव पेश गर्नु पर्नेछ।

४.प्रस्तावमा प्रस्ताव गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यत दिइनेछ।

५.प्राप्त प्रस्तावहरू सोही दिन दिनको २.०० बजे सरकारी कार्यालयका प्रतिनिधी तथा प्रस्तावदाताको प्रतिनिधीको रोहवरमा खोलिनेछ, प्रस्तावदाताका प्रतिनिधि उपस्थित नभएकै कारणले  उक्त कार्य स्थगित भने हुने छैन ।

६.प्रस्तावहरु मध्ये सबै भन्दा घटी कबोल गर्ने प्रस्तावदाताको प्रस्तावलाई स्वीकृतिको प्रकृयामा लगिनेछ तर प्रस्तावित रकमबाट फोहोर मैला व्यवस्थापन हुने कुरामा नगरकार्यपालिका विश्वास्त नभएमा पुन अर्को सूचना आह्वान गर्न सकिनेछ।

७.प्रस्तावदाताले आफूले कबोल गरेको रकमको २.५०%ले हुन आउने रकम नगदै वा यस कार्यालयको एन.आई.सि.एसिया बैंक लिमिटेड, हिले,धनकुटा स्थित धरौटी खाता न.८८CA५०२६४७५२४००३ मा जम्मा गरेको सक्कल भौचर प्रस्तातव सहित पेश गर्नु पर्नेछ। प्रस्ताव स्वीकृत हुने प्रस्तावदाताले सम्झौता गर्न आउदा थप २.५०% धरौटी रकम समेत उपरोक्त अनुसार नगद वा बैंक जम्मा गर्नु पर्नेछ।

८.प्रस्तावका साथ फोहोर मैला उठाउने,कुहिने र नकुहिने फोहोर छुट्याउने,कुहिने फोहोर ल्याण्डफिलसाइटमा दबाउने जनशक्ति र ढुवानिका साधन संघ, संस्था वा फर्मको स्वामित्वमा रहेको आवश्यक विवरण अनिवार्य पेश गर्नु पर्ने छ। नकुहिने फोहोर निकासी वापत कुनै रकम प्राप्त हुने भए सो को कति प्रतिशत रकम न.पा.लाई बुझाउने हो सो समेत प्रस्तावमा स्पष्ट खुलाउनु पर्नेछ।

९.हप्तामा कम्तीमा तीन पटक अनिवार्य रुपमा फोहोर उठाउनु पर्नेछ। तर तोकिएको क्षेत्र भित्रको फोहोर तीन पटकमा नउठेमा सो भन्दा बढी पटक पनि उठाउनु पर्ने छ।

१०.अन्य कुराको हकमा प्रचलित सार्वजनिक खरिद ऐन नियमावली बमोजिम हुनेछ।